फोन नं. : ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. : ०२१-४७०१६१
E-mail : ocmcm1@gmail.com

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

## *'जनतासँग मुख्यमन्त्री कार्यक्रम'* सम्बन्धी सूचना ।

प्रकाशन मिति: २०७८/०५/०४

प्रस्तुत विषयमा प्रदेश नं. १, प्रदेश सरकारको नीति, कार्यक्रम, कार्ययोजना र सो बाट प्राप्त उपलब्धि, सम्भावना तथा चुनौती एवम् जनताको चासो, गुनासो तथा सरोकारका विषयमा आमसञ्चारका माध्यमबाट जनतालाई नियमित सुसूचित गर्ने उद्देश्य सहितको *'जनतासँग मुख्यमन्त्री कार्यक्रम'* चालु आर्थिक वर्ष २०७८/०७९ मा समेत निरन्तर रहेकोले उक्त कार्यक्रम तथा कार्यक्रमसँग सम्बन्धित सामाग्री उत्पादन, छायाङ्कन, सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने इच्छुक एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइनले तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि "जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" को दफा (४) को उपदफा (१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल :

*जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि दफा (४) को उपदफा (२) बमोजिम सञ्चारमाध्यमले कार्यक्रम सञ्चालनका लागि सुचिकृत हुनका लागि निवेदन सहित पेश गर्नुपर्ने कागजातहरू :*

१. सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत),
२. विधान वा प्रबन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,
३. अघिल्लो आर्थिक वर्षको  कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
५. कार्यक्रम प्रसारण वा पत्रपत्रिका प्रकाशन गर्ने इजाजत पत्र नविकरणको प्रतिलिपि ।
६. नियमित प्रसारण प्रमाणपत्र (लाइसेन्स),
७. अनलाइन सञ्चारमाध्यमको हकमा पब्लिक डोमेन रेकर्डको प्रिन्ट (सञ्चालकको नाम र कम्पनीको विवरण देखिनुपर्ने) र अनलाइनको होमपेजको स्क्रिनप्रिन्ट (सञ्चालक, सम्पादक, सम्पर्क फोन नं., इमेल लगायत सूचना तथा प्रसारण विभागको दर्ता नं. समेत देखिनुपर्ने) समेत संलग्न गर्नु पर्नेछ,
८. कभरेज एरिया र प्रकाशन र वितरणको सङ्ख्या विवरण,

**नोट :** ***उल्लेखित कागजपत्रको प्रतिलिपि पेश गर्दा संस्थाको छाप लगाइएको र सम्बन्धित संस्थाको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ । साथै निवेदन यस कार्यालयको वेवसाइटमा रहेको लिंक मार्फत पनि पेश गर्न सकिने छ ।***